# स्वतः प्रकाशन

गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

## कृषि विकास कार्यालय, कास्की

**नेपाल**

**चैत्र, २०८२**

# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) सँग सम्बन्धित विवरण

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) ले व्यवस्था गरेको निर्धारित विषयमा यस कृषि विकास कार्यालय, कास्कीको २०८२ साल कार्तिक १ गते देखि २०८२ साल पुष मसान्तसम्मको सूचनाको अध्यावधिक विवरण देहाय अनुसार रहेको व्यहोरा सार्वजनिक गरिएको छ।

## १. निकायको स्वरुप र प्रकृति

गण्डकी प्रदेश सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय मातहत कृषि विकास कार्यालय, कास्कीको प्राविधिक प्रकृतिका कृषि क्षेत्रसँग सम्बन्धीत सेवामुलक गतिविधि सञ्चालन गर्ने जिल्लास्तरीय प्रदेश सरकारको एउटा निकाय हो। यसको संगठन संरचना देहाय अनुसारको रहेको छ।

## २. निकायको काम कर्तव्य र अधिकार

यस कृषि विकास कार्यालय, कास्कीको कार्यविवरण देहाय अनुसार रहेको छ

**क. तथ्यांक व्यवस्थापन र प्रोफाइलिङ**

- जिल्ला कृषि तथ्यांक प्रोफाइल तयार र अद्यावधिक गर्ने
- स्थानीय तहबाट कृषि तथ्यांक संकलन; दैवी प्रकोप (असिना, बाढी, पहिरो) को विवरण प्रदेश/संघमा पठाउने
- भूगोल, हावापानी, माटो र परम्परागत बालीका आधारमा आधारभूत कृषि प्रोफाइल तयार पार्न सहयोग गर्ने
- विभिन्न बालीनाली र रोग कीराको पेस्ट म्याप तयार गर्ने

**ख. प्राविधिक सेवा, तालिम र क्षमता अभिवृद्धि**

- स्थानीय तहका कृषि प्राविधिक, व्यवसायिक किसान, उद्यमी र फार्म संचालकलाई तालिम दिने
- आधुनिक कृषि प्रविधिको प्रदर्शन, परीक्षण र सिफारिस गर्ने
- माटो, मल, बाली संरक्षण र बीउ परीक्षण सम्बन्धी प्रयोगशाला सेवा दिने
- कृषि स्नातक तथा जेटी/जेटिए विद्यार्थीका लागि इन्टर्नशिप संचालन गर्ने
- बीउ, विषादी र मलखाद विक्रेताको अनुमति, नवीकरण र अनुगमन गर्ने

**ग. कार्यक्रम कार्यान्वयन र समन्वय**

- संघीय र प्रादेशिक कृषि विकास कार्यक्रम कार्यान्वयन र सम्पर्क बिन्दुको काम गर्ने
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जोन, सुपरजोन, पकेट र ब्लकको प्राविधिक सेवा दिने
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वयकारी पुलको काम गर्ने
- जिल्लास्तरीय समितिहरूमा प्रतिनिधित्व जनाउने

**घ. कृषि विविधता संरक्षण र अनुसन्धान**

- आर्थिक महत्वका स्थानीय कृषि विविधताको पहिचान, संरक्षण र उपयोग गर्ने
- रैथाने/लोपोन्मुख बालीको जर्मप्लाज्म संकलन गरी जीन बैंकलाई उपलब्ध गराउने
- रोग कीराको संग्रहालय विकास गर्ने
- नेपाल कृषि अनुसन्धान परिषदसँग समन्वय गरी बाह्य अनुसन्धान स्थलको काम गर्ने

**ङ. व्यवसायिक कृषि प्रवर्द्धन र नियमन**

- भौगोलिक विविधता अनुसार प्राथमिकता प्राप्त बालीको मूल्य अभिवृद्धि शृंखला विकास र समन्वय गर्ने
- कृषि उद्यम संचालनका लागि व्यवसायिक कार्ययोजना तयार गर्न सहयोग गर्ने
- नर्सरी, स्रोत केन्द्र र फलफूल तरकारी उत्पादकलाई प्राविधिक सेवा र निरोगिता प्रमाणपत्र दिने
- विषादी विक्रेता, विमा, कृषिजन्य उद्योग र व्यवसायिक फर्मलाई सिफारिस प्रदान गर्ने
- कृषक वर्गीकरणमा स्थानीय सरकारसँग समन्वय गर्ने

**च. नीति, नियमन र सूचना प्रवाह**

- संघीय र प्रादेशिक कृषि ऐन, नीति, नियमावली र निर्देशिकाबारे सरोकारवालालाई सूचित गर्ने
- प्रमाणपत्र बिना बीउ, बेर्ना र रोपण सामग्रीको ओसारपसारमा रोक लगाउन समन्वय गर्ने
- संघ र प्रदेश सरकारले तोकेका अन्य प्राविधिक कार्यहरू गर्ने

## ३. निकायमा रहने कर्मचारीको सङ्ख्या र कार्य विवरण

| क्र.सं. | पद | श्रेणी / तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वरिष्ठ कृषि अधिकृत | दशौं | १ | १ | ० | कार्यालय प्रमुख |
| २ | कृषि अर्थ बिज्ञ | सातौं/आठौं | १ | १ | ० | |

| क्र.सं. | पद | श्रेणी / तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | कृषि प्रसार अधिकृत | सातौं/आठौं | १ | १ | ० | |
| ४ | वागवानी विकास अधिकृत | सातौं/आठौं | १ | १ | ० | |
| ५ | कृषि प्रविधिक सहायक/अधिकृत | पाचौं/छैठौं | ३ | ३ | ० | |
| ६ | नायब सुब्बा/अधिकृत | पाचौं/छैठौं | १ | १ | ० | |
| ७ | लेखापाल/अधिकृत | पाचौं/छैटौं | १ | १ | ० | |
| ८ | हलुका सवारी चालक | श्रेणी विहीन | १ | १ | ० | करार सेवा |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहीन | २ | २ | ० | १ जना करार |
| जम्मा | | | १२ | ९ | २ | |

## ४. कार्य विवरण

| क्र. सं. | शाखाको नाम | पद | तह | पदको विवरण |
|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | वरिष्ठ कृषि अधिकृत | ९/१० औं | • जिल्लाको सम्भाव्यता, आवश्यकता र माग अनुसार कृषि सम्बन्धी कार्यक्रमको तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने।<br>• कृषि बिकास लागि विशिष्टिकृत प्राविधिक सेवा उपलब्ध गराउने।<br>• आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन सम्बन्धी कार्य सम्पादन गर्ने।<br>• जिल्ला स्थित सरोकारवाला निकाय र स्थानीय तहसँग समन्वय गर्ने।<br>• कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानका लागि आवश्यक कार्य गर्ने।<br>• बीउ बिजन, बेर्ना, बिषादीहरुको बिक्री बितरणको लागि अनुमती पत्र एवम कृषि बीमा उपलब्ध गराउन सहजिकरण, अनुगमन तथा नियमन सम्बन्धी कार्यहरु सञ्चालन गर्ने।<br>• उन्नत कृषि प्रविधिको प्रभावकारी प्रसारका लागि सम्बन्धित नेपाल कृषि अनुसन्धान परिषद्सँग समन्वय गर्ने।<br>• कार्यालयको आर्थिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने गराउने।<br>• कार्यालयको दैनिक प्राविधिक तथा प्रशासनिक कार्यको अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने। |

| क्र. सं. | शाखाको नाम | पद | तह | पदको विवरण |
|---|---|---|---|---|
| २ | योजना शाखा | कृषि अधिविज्ञ | ७/८औं | • कार्यक्रम योजना तर्जुमा तथा आवधिक प्रगति तयार गर्ने।<br>• कृषि सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने।<br>• कृषि प्रयोगशाला (बीउ बिजन परिक्षण, माटो तथा बालीका रोग कीराको प्रकोप) सेवा प्रदान गर्ने।<br>• स्थानिय तहहरु मार्फत संचालन गरिने वार्षिक कार्यक्रमहरु सञ्चालनमा संयोजन गर्ने।<br>• व्यवसायिक योजना तयारी एवम् नियमन सेवा सञ्चालन सहजीकरण गर्ने।<br>• कृषि पेशामा आबद्ध कृषक, व्यवसायी तथा उद्यमीहरूले माग गरेको अवस्थामा विशिष्टिकृत प्राविधिक सेवा उपलब्ध गराउने।<br>• कृषि उपज बिक्री केन्द्र/पसल/उद्योगको अनुगमन गरी व्यवस्थित कृषि उपजको सहज बिक्री वितरणका लागि आवश्यक कार्यहरु सम्पादन गर्ने।<br>• कृषि बिषयमा जनचेतना अभिबृद्धिका लागि सूचना एवम प्रकाशन संयोजन गर्ने। |
| ३ | | प्राविधिक सहायक/अधिकृत (कृषि प्रसार) | ५/६औं | • कृषि प्रयोगशाला संचालनमा सहयोग गर्ने।<br>• प्रयोगशालामा बाली रोग परीक्षण सम्बन्धी कार्यहरु गर्ने।<br>• बाली उपचार शिविर वार्षिक कार्यक्रमहरु सञ्चालनमा सहजिकरण गर्ने।<br>• पशुपन्छी तथा मत्स्य रोग सर्भिलेन्स गरि रिपोर्ट तयार गर्ने कार्यमा सहयोग गर्ने। |
| ४ | बिशेषज्ञ सेवा शाखा | कृषि प्रसार अधिकृत | ७/८औं | • सम्बन्धित स्थानीय तह र कार्यकालयको अन्य शाखाको समन्वयमा कार्यालयको वार्षिक कार्यक्रम तर्जुमा गर्ने।<br>• कृषि व्यवसाय प्रवर्धन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्ने।<br>• नयाँ उन्मोचित बालीका जातहरु कृषकहरु समक्ष पुर्‍याउन आवश्यक समन्वयमा गर्ने।<br>• उन्नत कृषि प्रविधि सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालन गर्ने ।<br>• कृषक, व्यवसायी तथा उद्यमीहरूले माग गरेको अवस्थामा विशिष्टिकृत प्राविधिक सेवा उपलब्ध गराउने।<br>• रैथाने तथा स्थानिय जातका बालीहरुको संरक्षण तथा प्रवर्दनका लागि आवश्यक कार्य गर्ने।<br>• कार्यालयबाट सम्पादन भएका कार्यक्रमको मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण तयार गर्ने। |
| | | बागवानी विकास अधिकृत | ७/८औं | • सम्बन्धित स्थानीय तह र कार्यकालयको अन्य शाखाको समन्वयमा कार्यालयको वार्षिक कार्यक्रम तर्जुमा गर्ने।<br>• कृषि व्यवसाय प्रवर्धन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्ने।<br>• नयाँ उन्मोचित बालीका जातहरु कृषकहरु समक्ष पुर्‍याउन आवश्यक समन्वयमा गर्ने। |

| क्र. सं. | शाखाको नाम | पद | तह | पदको विवरण |
|---|---|---|---|---|
| | | | | • उन्नत कृषि प्रविधि सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालन गर्ने ।<br>• कृषक, व्यवसायी तथा उद्यमीहरूले माग गरेको अवस्थामा विशिष्टिकृत प्राविधिक सेवा उपलब्ध गराउने।<br>• रैथाने तथा स्थानिय जातका बालीहरुको संरक्षण तथा प्रवर्दनका लागि आवश्यक कार्य गर्ने।<br>• कार्यालयबाट सम्पादन भएका कार्यक्रमको मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण तयार गर्ने। |
| ५ | | प्राविधिक सहायक/अधिकृत (बागवानी) | ५/६ औं | • कृषि व्यवसाय प्रवर्धन सम्बन्धी कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने।<br>• उन्नत कृषि प्रविधि प्रसार सम्बन्धी कार्यहरु सञ्चालन गर्ने।<br>• बागवानी, बाली, माटो बिज्ञान सम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउने।<br>• उन्नत कृषि प्रविधि सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालन गर्ने । |
| ६ | | प्राविधिक सहायक/अधिकृत (बाली संरक्षण) | ५/६ औं | • कार्यालयको वार्षिक कार्यक्रम तर्जुमा गर्न सहयोग गर्ने।<br>• कृषि व्यवसाय प्रवर्धन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयनमा सहयोग गर्ने।<br>• उन्नत कृषि प्रविधि सम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउने।<br>• उन्नत कृषि प्रविधि सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालनमा सहयोग गर्न ।<br>• बाली संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालनमा सहयोग गर्ने।<br>• बालीको रोग कीराको सर्वे सर्वेक्षण गरी तथ्याङ्क अध्यावधिक गर्न सहयोग गर्ने।<br>• कार्यालयबाट सम्पादन भएका कार्यक्रमको मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण तयार गर्ने कार्यमा सहयोग गर्ने। |
| ७ | प्रशासन फाँट | लेखापाल/अधिकृत | ५/६ औं | • कार्यालयको आर्थिक प्रशासन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने।<br>• आयोजना र कार्यक्रमहरुको आवधिक विवरण तथा फाँटवारीहरु तयारी सम्बन्धी कार्य गर्ने।<br>• कार्यालयबाट सञ्चालन हुने आयोजना र कार्यक्रमहरुको साधारण तथा पुँजीगत बजेट तयारीका क्रममा योजना शाखासँग समन्वय सम्बन्धी कार्य गर्ने।<br>• जिल्ला स्थित प्रदेश लेखा नियन्त्रकको कार्यालयको ईकाईबाट चालु र पुँजीगत बजेट निकासा लिने, आर्थिक कारोवार गर्ने, श्रेस्ता राख्ने र नियमित रुपमा प्रतिवेदन तयारी सम्बन्धी कार्य गर्ने।<br>• आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धी कार्य गर्ने।<br>• महालेखापरीक्षकको कार्यालयबाट औंल्याईएका बेरुजु तथा पेश्की फछ्यौंट सम्बन्धी कार्य गर्ने। |

| क्र. सं. | शाखाको नाम | पद | तह | पदको विवरण |
|---|---|---|---|---|
| | | | | • कार्यालय प्रमुखलाई आर्थिक प्रशासनको निर्णयमा राय प्रतिकृया दिने सम्बन्धी कार्य गर्ने। |
| ८ | | सहायक/अधिकृत | ५/६ औं | • कार्यालयका कर्मचारीहरुको बिदा, काज, सरुवा, लगायतका प्रशासनिक कार्यहरु सम्पादन गर्ने निर्णयका लागि राय साथ पेश गर्ने।<br>• कार्यालय निरिक्षण, पालो-पहरा, सरसफाई, विद्युत, खानेपानी, सवारी साधनको व्यवस्था आदि कार्यहरु गर्ने गराउने।<br>• कार्यालयका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन सम्बन्धी सम्पूर्ण काम सम्पन्न गर्न संयोजन गर्ने।<br>• कार्यालय प्रमुखलाई सामान्य प्रशासन सम्बन्धी कार्यको निर्णयमा राय प्रतिकृया दिने सम्बन्धी कार्य गर्ने।<br>• कार्यालयको जिन्सी तथा पुँजीगत सम्पतिको अभिलेख, संरक्षण, सम्बर्धन र सदुपयोग सम्बन्धी कार्यहरु सम्पादन गर्ने। |
| ९ | | हलुका सवारी चालक | - | • सवारी साधन संचालन गर्ने। |
| १० | | कार्यालय सहयोगी | - | • कार्यालयको सरसफाई तथा सरकारी सम्पतीको हिफाजत एवम् संरक्षण गर्ने। |

## ५. निकायबाट प्रदान गरिने सेवा

यस कृषि विकास कार्यालय, कास्कीबाट प्रदान गरिने सेवाहरु देहाय अनुसार रहेका छन्।

- गुणस्तरीय बीउ बिजन, माटो परिक्षण र बालीका रोग तथा कीरा पहिचान एवम् समस्या निदानका लागि प्रयोगशाला सेवा तथा उपचार सेवा
- उन्नत कृषि प्रविधि प्रसार सेवा
- उन्नत जातका बाली प्रवर्दन सेवा
- रैथाने तथा स्थानिय जातका बालीहरुको संरक्षण एवम् प्रवर्दन सेवा
- कृषि व्यवसाय प्रवर्द्धनका लागि सहयोग, प्राविधिक परामर्श तथा क्षमता अभिवृद्धि

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

क) योजना शाखा: कृषि अर्थ बिज्ञ वा प्राविधिक सहायक (कृषि प्रसार)

ख) बिशेषज्ञ सेवा शाखा: कृषि प्रसार अधिकृत वा वागवानी विकास अधिकृत वा प्राविधिक सहायक (वागवानी र बाली संरक्षण)

ग) आर्थिक प्रशासन फाँट: बरिष्ठ प्रशासन सहायक वा तोकिएको अधिकारी

**७. सेवा प्रदान गर्दा लाग्ने दस्तुर** गण्डकी प्रदेश सरकारले तोके बमोजिम लाग्ने।

## ८. निर्णय गर्ने प्रकृया र गर्ने अधिकारी

**निर्णय गर्ने प्रक्रियाः** ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्डमा उल्लेखित व्यवस्थाको आधारमा

**निर्णय गर्ने अधिकारीः** कार्यालय प्रमुख (प्रचलित कानून बमोजिम तालुक निकाय वा माथिल्लो तहको अधिकारीले गर्ने भनी उल्लेख भएको विषयमा तालुक मन्त्रालयको सचिव)

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी

**कार्यालय प्रमुख**: बरिष्ठ कृषि विकास अधिकृत

## १०. सम्पादन गरेको कार्यको विवरण

### क) योजना तथा कार्यक्रम तर्फः

- प्रदेश सरकारबाट स्वीकृत बार्षिक कार्यक्रममा छनौट भएका कृषक संघ/संस्थाहरुसँग संझौता गरी सो अनुसार क्रियाकलापहरु संचालन गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराईएको छ।
- संझौता अनुसार कार्य सम्पन्न गरेर कागजात पेश गरेका कृषक संघ/संस्थाहरुको कार्य अनुगमन गरी प्राविधिक मूल्याङ्कन पश्चात भुक्तानी प्रकृया शुरु भएको छ।
- स्थानिय तहमा कृषि शिविर संचालन अन्तर्गत पोखरा र रुपा गापामा शिविर संचालन गरी ५० जना कृषकहरुलाई बाली संरक्षण, माटो जाँच, खेती प्रविधि लगायतका प्राविधिक सेवा प्रदान गरिएको, उत्कृष्ट कृषकलाई पुरस्कृतको लागि कास्की जिल्लाका ४ जना उत्कृष्ट कृषकहरु छनौट गरिएको, साराङ्गकोट क्षेत्र न.पा. वडा नं. १८ मा २५ जना कृषकहरुको सहभागितामा लहरे तरकारी बालीको आइ.पि.एम. कृषक पाठशाला संचालनमा रहेको र समस्या समाधान तथा प्राविधिक पृष्ठपोषणका लागि जिल्लाभरी Technical group monitoring भइरहेको छ ।
- पोखरा म.न.पा वडा नं २२ स्थित ओख्लेडाँडा भुम्दीकोट माध्यामिक विद्यालयमा ४५ जना शिक्षक/विद्यार्थीहरुको सहभागीतामा विषादी सचेतना, जैविक मल/झोल मल बनाउने विधि र यसको प्रयोग, तरकारीको नर्सरी स्थापना र व्यवस्थापन सम्बन्धी विषयमा विद्यालय कृषि शिक्षा कार्यक्रम सञ्चालन गरिएको,
- हाइड्रोपोनिक्स खेती प्रविधि, फर्टिगेशन प्रविधि, संरक्षित संरचनाभित्र हुने बेमौसमी खेति प्रविधि, आइ.पि.एम. प्रविधि, डिजिटल प्रविधि र स्मार्ट कृषि, जलवायु स्मार्ट प्रविधि, नार्कबाट विकसित नविनतम कृषि प्रविधिको विषयवस्तुमा आधारीत रहेर कृषक, मन्त्रालय/प्रदेश र स्थानिय कर्मचारी

गरी ६० जनाको सहभागीतामा नयाँ तथा समसामयिक कृषि प्रविधि सम्बन्धी अभिमूखीकरण गोष्ठी गरिएको,

- यथार्थ, भरपर्दो र व्यवस्थित रुपमा तथ्याङ्क संकलन र गुणस्तरिय तथ्याङ्क अद्यावधिकका लागि स्थानीयस्तर र प्रदेशमा कार्यरत २२ जना कर्मचारीहरुको सहभागीतामा कृषि तथ्याङ्क संकलन तथा कम्पाईलिङ्ग सम्बन्धि अभिमुखिकरण गोष्ठी गरिएको,
- पोखरा म.न.पा, माछापुच्छ्रे गा.पा र अन्नपुर्ण गाउँपालिकाका १५ वटा एग्रोभेट, रासायनिक मल वितरण, नर्सरी र प्राङ्गारिक मल उत्पादकहरुको बिक्री तथा उत्पादन स्थलको प्रत्यक्ष अनुगमन र प्राविधिक पृष्ठपोषण गरिएको।
- फेवा जनजागृति दुग्ध उत्पादक सहकारी संस्था लि.पोखरा-२२ र मार्गदर्शन कृषि सहकारी संस्था लि. पोखरा-२८ मा ७२ जनाको सहभागीतामा ग्रामिण पोषण सुरक्षण कार्यक्रम सम्बन्धी अभिमूखीकरण गोष्ठी गरिएको।

## ख) बिशेषज्ञ सेवा शाखा

- प्रयोगशाला सेवा (बीउ बिजन परीक्षण, बाली रोग पहिचान तथा व्यवस्थापन, कीराको पहिचान तथा व्यवस्थापन र माटोको नमूना परीक्षण)
- समस्या समाधानका लागि प्राविधिक सल्लाह सुझाव
- जिल्लाको प्राथमिकता बालीको क्षेत्रफल विस्तार एवम् उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि कार्यक्रम संचालन
- स्थानिय तहका कृषि प्राविधिकहरुको क्षमता अभिबृद्धि तथा प्राविधिक ब्याकअप
- अनुदानका कार्यक्रम संचालनका लागि सम्बन्धित शाखामा कार्यरत प्राविधिक कर्मचारीहरु मार्फत कार्यक्रम संझौता गरी अनुगमनको व्यवस्थापन गरियो।
- समुदायस्तरमा प्रशोधनयोग्य तथा खायन आलु उत्पादन कार्यक्रम संचालन प्रक्रिया कृषकहरुलाई जानकार गराइएको
- सुन्तला, कोदो, तथा धानबालीका रोग कीराको पहिचान सहित समस्याको समधानको बारेमा कृषकलाई जानकारी गराइएको।
- चालु आ.व. का संघ, प्रदेश तथा स्थानिय तहबाट स्वीकृत भएका कार्यक्रमहरु संचालन गर्ने बारेमा छलफल।
- कृषकहरुलाई सुन्तला खेती सम्बन्धि उन्नत प्राविधिक ज्ञान, सिप बारे जानकारी गराइएको
- कृषकहरुलाई विभिन्न तरकारी खेती प्रविधि सम्बन्धि उन्नत प्राविधिक ज्ञान, शीप बारे जानकारी गराइएको।
- कृषकहरुलाई प्रशोधनयोग्य आलु खेती प्रविधि सम्बन्धि उन्नत प्राविधिक ज्ञान, शीप बारे जानकारी गराइएको।
- कृषकहरुलाई विभिन्न फलफुल खेती प्रविधि सम्बन्धि उन्नत प्राविधिक ज्ञान, सिप बारे जानकारी गराइएको।

- करिब ७० वटा माटोको नमुना जाँच गरि कृषकहरुलाइ माटोको अवस्थाबारे जानकारी दिइयो।
- किसानलाई माटो नमुना लिन सिकाई किटबक्सबाट माटो परिक्षण गरिएको।
- मकै खेती प्रविधि सम्बन्धि कृषकलाई सम्पुर्ण जानकारी गराइएको।

| क्र.सं. | कार्यक्रमको विवरण | परिमाण | सहभागी/लाभग्राहीहरुको संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | दलित | जनजाति | अन्य | जम्मा |
| १ | समुदायस्तरमा प्रशोधनयोग्य आलु उत्पादन अभिमुखिकरण गोष्ठी | ४ | ३७ | ७२ | ५ | २९ | ७५ | १०९ |
| २ | बाली उपचार शिविर | ३ | २४ | ६६ | ५ | ३९ | ४६ | ९० |
| ३ | स्थानिय तहका पदाधिकारीसँग समन्वयात्मक बैठक | ३ | २४ | ६२ | २ | ३१ | ५३ | ८६ |
| ४ | स्थलगत तालिम सुन्तला | २ | ९ | ४१ | ० | ३३ | १७ | ५० |
| ५ | स्थलगत तालिम तरकारी | ६ | १२६ | ४८ | २६ | १०४ | ४४ | १७४ |
| ६ | स्थलगत तालिम प्रसोधनयोग्य आलु | ५ | ७४ | १०१ | ५ | ७७ | ९३ | १७५ |
| ७ | स्थलगत तालिम फलफुल | २ | ३४ | ४४ | ४ | ५० | २४ | ७८ |
| ८ | विश्व माटो दिवस कार्यक्रम | १ | ४७ | ३४ | ८ | ३४ | ३९ | ८१ |
| ९ | कृषि शिविर | ९ | ११३ | २७० | २० | २४३ | १२० | ३८३ |
| १० | मकै बाली क्षमता अभिवृद्धि कार्यक्रम | ३ | ३६ | ३३ | ६ | ५ | ५८ | ६९ |
| ११ | समस्या समाधान तथा प्राविधिक पृष्ठपोषणका लागि Technical Group Monitoring | २ | २५ | ४५ | १० | २५ | ३५ | ७० |
| १२ | विद्यालय कृषि शिक्षा कार्यक्रम | २ | ४८ | ४५ | ३९ | १९ | ३५ | ९३ |
| १३ | नयाँ तथा समसामयिक कृषि प्रविधि सम्बन्धी अभिमूखीकरण गोष्ठी | १ | १४ | ४० | ५ | १२ | ३७ | ५४ |

| क्र.सं. | कार्यक्रमको विवरण | परिमाण | सहभागी/लाभग्राहीहरुको संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | दलित | जनजाति | अन्य | जम्मा |
| १४ | स्थानिय स्तरमा कार्यरत प्रा.स ना.प्रा.स हरुको क्षमता अभिवृद्धि कार्यक्रम | १ | ८ | ४ | १ | २ | ९ | १२ |
| १५ | कृषि तथ्याङ्क संकलन तथा कम्पाइलिङ्ग सम्बन्धी अभिमूखीकरण गोष्ठी | १ | ९ | १३ | १ | १ | २० | २२ |
| १६ | ग्रामिण पोषण सुरक्षण कार्यक्रम सम्बन्धी अभिमूखीकरण गोष्ठी | २ | ३२ | ४० | १० | १४ | ४८ | ७२ |
| १७ | कृषि उत्पादन सामाग्री अनुगमन तथा नियमन कार्यक्रम | २ | ४ | ८ | १ | ० | ११ | १२ |
| | जम्मा | ३९ | ५४३ | ८१५ | ८२ | ६८० | ५९६ | १३५८ |

## ११. सूचना अधिकारी र प्रमुखको नाम र पद

**सूचना अधिकारीः** रामकृष्ण अर्याल, कृषि प्रसार अधिकृत (अधिकृतस्तर सातौं तह)

**गुनासो सुन्ने अधिकारीः** विकास वि क, वागवानी विकास अधिकृत (अधिकृतस्तर सातौं तह)

**कार्यालय प्रमुखः** सुदिप खतिवडा, वरिष्ठ कृषि विकास अधिकृत (अधिकृतस्तर दशौं तह)

## १२. ऐन, नियम, कार्यविधि, मापदण्डको सूचीः कार्यालयको वेबसाईटमा राखिएको

| क्र.सं. | ऐन/ निर्देशिका/ कार्यविधि/मापदण्ड |
|---|---|
| १ | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ |
| २ | आलु तथा तरकारी प्रवर्द्धन सम्बन्धी आयोजना कार्यान्वयन मापदण्ड, २०८० |
| ३ | खाद्यान्नबाली प्रवर्द्धन सम्बन्धी आयोजना तथा कार्यक्रम कार्यान्वन मापदण्ड, २०८० |
| ४ | कृषि प्राविधिक समन्वय संयन्त्र गठन तथा संचालन विधि, २०७९ |
| ५ | उन्नत प्रविधि प्रदर्शन सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७८ |
| ६ | फलफूलबाली विकास सम्बन्धी आयोजना कार्यान्वयन मापदण्ड, २०८० |
| ७ | ग्रामिण पोषण सुरक्षण कार्यक्रम संचालन मापदण्ड, २०७८ |
| ८ | बीज बृद्धि तथा बीउ बिजनमा आत्मानिर्भरता सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७८ |
| ९ | मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजना मापदण्ड, २०७९ |
| १० | रैथानेबाली प्रवर्द्धन सम्बन्धी आयोजना तथा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८० |
| ११ | जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०८१ |

| क्र.सं. | ऐन/ निर्देशिका/ कार्यविधि/मापदण्ड |
|---|---|
| १२ | आलु उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०८० |
| १३ | कृषि तथ्याङ्क संकलन तथा अद्यावधिक मापदण्ड, २०८० |

## ३. बजेट तथा खर्च सम्बन्धी विवरण

| क्र.सं. | बजेटको श्रोत | बिनियोजित बजेट | निकासा/खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश सरकार (चालु) | ५२७३३.५ | ४१४५०.७ | ७८.६ | |
| २ | प्रदेश सरकार (पूँजीगत) | ५०० | - | - | रोक्का रहेको |
| | **प्रदेश सरकार जम्मा** | **५२७३४** | **४१४५१** | **७८.६** | |
| ३ | कृषि विभाग | ३२ | ० | ० | |

## १४. अन्य विवरण

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिः श्री रञ्जना पोखरेल, कृषि अर्थविज्ञ

ख) वेबसाइट/इमेल/फेसबुक पेजबाट नियमित सूचनाहरु प्रकाशन, प्रसार गर्ने गरिएको

ग) उजुरी पेटिकाको व्यवस्था गरिएको

घ) खरिद ईकाइ गठन गरिएको

ङ) नागरिक बडापत्रको व्यवस्था गरिएको

च) सेवाग्राहीका लागि पिउने पानी र शीतल प्रतिक्षालयको व्यवस्था

छ) सेवाग्राहीको लागि ईन्टरनेट प्रयोगको सुविधा उपलब्ध गराईएको

ज) सुधारिएको हात धुने ठाउँको व्यवस्था गरिएको

झ) बेबसाईट: www.kaski.ado.gov.np

ञ) ई-मेल: ado.kaski@gmail.com

ट) फोन नं: ०६१-४५१२५०

## १५. आयोजना/कार्यक्रमहरुको हालसम्मको संक्षिप्त उपलब्धी

| क्र.सं. | आयोजना/कार्यक्रम | यस अवधिसम्म सम्पन्न भएका कार्य तथा हासिल भएका मुख्य मुख्य उपलब्धीहरू |
|---|---|---|
| १ | निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम | कुल ४२ आवेदक मध्ये २० संस्थाले कार्यसम्पन्न गरी २४,१६२७८/- अनुदान भुक्तानी भएको । मौरी घार -५४३ निरन्तरता तथा १७६ घार विस्तार, अलैची १८५ रो व्यवस्थापन र १० रो विस्तार, १४१ रो अदुवा/बेसार को व्यवस्थापन, २१५ रो अदुवा/बेसार क्षेत्र विस्तार भई ४२२ कृषक लाभान्वित भएको |
| २ | सुन्तलाजात फलफूल बिकास आयोजना | कुल १३ आवेदक मध्ये ६ आवेदकले कार्य सम्पन्न गरेको। कुल ४५०००/- मध्ये २१४३१५/- अनुदान भुक्तानी, ५९ रोपनी सुन्तलाजात (कागती ३ रो, सुन्तला ५६ रो) बगैचा स्थापना, १५ कृषक लाभान्वित<br>कुल १६ आवेदक मध्ये १० आवेदकले कार्यसम्पन्न गरेको, ४६७ रो सुन्तला बगैचा व्यवस्थापन, १३६ लाभान्वित भएको। कुल १५ लाख मध्ये ७४९६४०/- खर्च भएको |
| ३ | फलफूल बिकास आयोजना | विस्तारमा कुल विनियोजित बजेट १५ लाख मध्ये ५९११२४/- खर्च भएको तथा सुन्तला २५ रो, कागती ७ रो, एभोकाड़ो २८ रो, केरा १० रो, हलुवावेद ३० रो, किवी ५ रो, मेवा १० रो, निबुवा ५ रो गरी कुल १२० रो क्षेत्रफलमा क्षेत्र विस्तार भएको र ११ कृषक लाभान्वित र व्यवस्थापनमा कुल १८ आवेदक मध्ये ५ आवेदकले कार्यसम्पन्न गरेको - कुल १५२ रो (किवी-८ रो, ड्रागन फल -१० रो, केरा-१५ रो, आँप/लिची-१२ रो, कागती-१०७ रो) बगैचा व्यवस्थापन, ३२ कृषक लाभान्वित, कुल ९ लाख ,मध्ये १८३२००/- कुल खर्च |
| ४ | खाद्यान्नबाली प्रवर्द्धन आयोजना | कुल ३७ आवेदकमध्ये १८ वटा कृषक समुह/सहकारी/फर्समहरुसंग संझौता गरी कार्यक्रम सञ्चालन भएको । कुल विनियोजित बजेट २० लाख मध्ये १७८८८३७.५/- खर्च भएको र उक्त कार्यक्रमबाट ३४११ घरधुरी लाभान्वित, १४४० रोपनी क्षेत्रफलमा खाद्यान्न बाली खेती निरन्तरता र ५१० रोपनी क्षेत्रफल विस्तार भएको। |
| ५ | तरकारी बाली प्रवर्द्धन आयोजना | कुल ८९ आवेदक मध्ये ३८ ले कार्यसम्पन्न गरेको। कुल अनुदान भुक्तानी रु.१९९६३६३/- भई ४५६ रो क्षेत्रफल निरन्तरता तथा २५ रो क्षेत्रफल विस्तार र १३१ कृषक घरधुरी लाभान्वित। |
| ६ | समुदायस्तरमा प्रशोधनयोग्य/खायन आलु प्रवर्द्धन आयोजना | प्रशोधनयोग्य तर्फ बजेट सम्झौता (अनुदान रकम): रु. २०३७२५० जम्मा खर्च रकम/भुक्तानी: रु. १९८४३८, क्षेत्रफल विस्तार र निरन्तरता: २० हे क्षेत्रफल, लाभान्वित घरधुरी: १०० घरधुरी, मिनि पावर टिलर वितरण (जम्मा ११ थान), सिचाइ पाइप सहयोग: २६५ मिटर, अन्य सामग्री (बीउ आलु - जम्मा ४७,८०० के.जी.), स्प्रे टंकी ५ थान<br>खायन तर्फ बजेट सम्झौता अनुदान रु. ३४,०७,४५०, भुक्तानी अनुदान रु. ३१,५९,३९८.५०, मिनि पावर टिलर (आलु रोप्ने फालीसहित): जम्मा २५ थान वितरण भएको। सिचाइ पाइप सहयोग: ५०० मिटर (५० एम.एम.) र अन्य केही |

| क्र.सं. | आयोजना/कार्यक्रम | यस अवधिसम्म सम्पन्न भएका कार्य तथा हासिल भएका मुख्य मुख्य उपलब्धीहरू |
|---|---|---|
| | | कृषक समूहलाई पाइप वितरण गरिएको। हिलट्याङ्क २ थान, उन्नत बीउ आलु ६४,६५० के.जी., स्प्रे टंकी १४ थान (जसमध्ये १० वटा 2 in 1 PPE सेटसहित)। सिंचाई मोटर/पम्प ६ थान वितरण भएको। |
| ७ | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम | कुल १५ आवेदकमध्ये ४ आवेदकले मात्र कार्यसम्पन्न गरेको - २६५ रोपनी, ४३ कृषक लाभान्वित हुने गरी जेठो बुढो धान -११० रो, गुर्दी -२० रोपनी, खुमल-१६ १० रो, रामधान -२५ रो, पहेंले-१५ रोपनी, अरुण-२ -३० रो, मालेपाटन बोडी-६० रो, मनकामना-३ - ७० रोपनी, कुल बजेट ६ लाख मध्ये ४३३७६२/- खर्च भएको |
| ८ | कृषि उद्यम प्रवर्द्धन कार्यक्रम | कुल १७आवेदक मध्ये ७ वटा कृषक समुह/सहकारी/फर्महरुसंग संझौता गरी कार्यक्रम सञ्चालन भएको। कुल विनियोजित बजेट ४० लाख मध्ये ३०२८३६८.१०/- खर्च भएको |
| ९ | रैथानेबाली प्रवर्द्धन आयोजना | कुल २८ आवेदकमध्ये १३ वटा कृषक समुह/सहकारी/फर्समहरुसंग संझौता गरी कार्यक्रम सञ्चालन भएको। कुल विनियोजित बजेट १० लाख मध्ये ९४९१२६/- खर्च भएको र उक्त कार्यक्रमबाट ४०५ घरधुरी लाभान्वित, ५३४ रोपनी क्षेत्रफलमा रैथाने तथा स्थानीय बालीको खेती निरन्तरता र २६४ रोपनी क्षेत्रफल विस्तार भएको। |
| १० | जलवायुमैत्री प्रविधि प्रवर्द्धन कार्यक्रम | कुल ६ आवेदकमध्ये २ वटा कृषक सहकारीहरुसंग संझौता गरी अन्नपुर्ण-२ र ४ मा कार्यक्रम गरिएको। कुल विनियोजित बजेट १० लाख मध्ये ९०७८७४/- खर्च भएको र उक्त कार्यक्रमबाट १८० घरधुरी लाभान्वित, भएको। |
| ११ | ग्रामिण पोषण सुरक्षण कार्यक्रम | कुल १८ आवेदकमध्ये २ वटा कृषक सहकारीहरुसंग संझौता गरी पोखरा-२२ र २८ मा कार्यक्रम सञ्चालन भएको। कुल विनियोजित बजेट १० लाख मध्ये ८८१९६६/- खर्च भएको र उक्त कार्यक्रमबाट ५० घरधुरी लाभान्वित, भएको। |
| १२ | फलफूल नर्सरी स्थापना तथा सञ्चालन | कुल ३ आवेदकमध्ये २ वटा नर्सरी फर्म संग सम्झौता भई ६*२० वर्ग मि -२ सेट, ६*१६ वर्ग मि -२ सेट, ४*४४ वर्ग मि -१ सेट टनेल निर्माण भएको। कुल विनियोजित बजेट १५ लाख मध्ये ६,५३,६४६ अनुदान खर्च भएको तथा २ घरधुरी र पोखरा-२५ र पोखरा-२२ मा कार्यक्रमको प्रभाव क्षेत्र रही फलफूल नर्सरीको विस्तार भई ४०,००० बिरुवा उत्पादन क्षमता विस्तार (एभोकाड़ो, ओखर, सुन्तला, कागती र कफी) कार्यहरु हुने। |
| १३ | सामुदायिक बीउ बैंक/रैथानेबाली सम्बन्धि कार्यक्रम | कुल ९ आवेदकमध्ये ४ वटा सहकारीहरूसंग संझौता गरी पोखरा-१३, पोखरा-२८, माछापुच्छ्रे-८, पोखरा-१९ मा सामुदायिक बीउ बैंक स्थापना भएको । कुल विनियोजित बजेट १० लाख मध्ये ८०९६३३/- खर्च भएको तथा ७२० घरधुरी र ४९ हे क्षेत्रमा कार्यक्रमको प्रभाव क्षेत्र रही बीउबैंक मार्फत रैथाने तथा स्थानीय बीउ/बालीका जातहरु संकलन, उत्पादन, बिक्री र प्रवर्द्धनको कार्यहरु हुने। |

## १६. उन्नत कृषि प्रविधि प्रदर्शनी सम्बन्धी संक्षिप्त विवरण

| क्र. सं. | संस्था | उपचार | बाली | स्थान | नतिजा |
|---|---|---|---|---|---|
| १ | पिपलडाली काफलघारी पशु तथा कृषक समूह | सरस्वती जातको तरबुजाको उत्पादन प्रर्दशन | तरबुजा | पोखरा २८ (प्रदर्शन भएको स्थल पोखरा-१३) | झारपात र सिँचाई व्यवस्थापनमा करिब ३०% ले लागत खर्च कटौती र उत्पादनमा करिब २५% ले वृद्धि हुने। |
| २ | फुर्केटारी एग्रो फर्म | असिना जाली र मल्चिङ्ग प्लाष्ट्रिकको प्रयोग तरिका प्रदर्शन | ड्रागनफल | पोखरा २५ | गोडमेल खर्चमा ८५% भन्दा बढी कटौती र फूल फुल्ने समय छिटो भएको। |
| ३ | कृषि विकास कार्यालय, कास्की | तरिका तथा नतिजा प्रर्दशन | गड्यौला मल | पोखरा १७ | स्थानीय जैविक स्रोतबाट गुणस्तरीय प्राङ्गारिक मल उत्पादनको नमुना प्रदर्शन। करिब ५ टन वार्षिक गड्यौला मल तयार गर्न सकिने। |
| ४ | साझा नमुना कृषि फर्म | हरियो जालीको प्रयोग गरी तापक्रम व्यवस्थापन | बेमौसमी धनियामा | पोखरा १३ | २ रोपनीमा बेमौसमी धनिया उत्पादनका लागि आवश्यक सेड व्यवस्थापन/तापक्रम नियन्त्रण र उन्नत बीउको प्रयोग |
| ५ | झिझिर्का कृषि तथा पशुपालन कृषक समूह | उत्पादन परीक्षण | काक्रो र खुर्सानी | पोखरा २५ | करिब १०००-१२०० मिटर औषत समुन्द्री सतहबाटमा भक्तपुरे लोकल काँक्रो र खुर्सानीको राम्रो उत्पादन। |
| ६ | आरोश अर्गानिक कृषि फर्म, पदम तामाङ | जातिय प्रर्दशनी | विभिन्न आलु जातको | माछापूच्छ्रे ८, इमुटोल | खुमल लक्ष्मी र MS 42.3 को राम्रो उत्पादन; पेरिकोलीमा डढुवा बढी |
| ७ | झिन्जे बहुउद्देश्यीय कृषि फर्म, बुद्धि प्रसाद भण्डारी | जातिय प्रर्दशनी | विभिन्न आलु जातको उत्पादन प्रविधि प्रदर्शन | पोखरा २५, हेम्जा बडहरे | जनकदेवको राम्रो उत्पादन; पेरिकोलीमा डढुवा बढी |
| ८ | ढलेपिपल ताजा तरकारी कृषक समूह, धर्मदत्त पौडेल | जातिय प्रर्दशनी | विभिन्न आलु जातको उत्पादन प्रविधि प्रदर्शन | पोखरा ३२ | MS 42.3 र जनकदेवको राम्रो उत्पादन |

| क्र. सं. | संस्था | उपचार | बाली | स्थान | नतिजा |
|---|---|---|---|---|---|
| ९ | लक्ष्मी सिड सेन्टर, कृष्ण प्रसाद तिवारी | पिबिएस दानाको प्रयोग/जातिय प्रर्दशनी | विभिन्न आलु जातको उत्पादन प्रविधि प्रदर्शन | पोखरा ३१ | MS 42.3 र जनकदेवको राम्रो उत्पादन |

## १७. राजश्व विवरण (आ.व. ०८२/८३)

| क्र. सं. | खर्च शीर्षक | राजश्व प्राप्त भएको श्रोतको विवरण | प्रथम त्रैमासिक मात्र | द्वितिय त्रैमासिक मात्र | तृतिय त्रैमासिक मात्र | चौथो त्रैमासिक मात्र | वार्षिक राजश्व जम्मा (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | १४२१२ | सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम | ० | ० | ८०००० | | ८०,०००/- |
| २ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ८०० | २३०० | ९५०० | १०८०० | २२,२००/- |
| ३ | १५१११ | बेरुजू | ० | १०२१८ | ० | ० | १०,२१८/- |
| **जम्मा** | | | **८००** | **१२,५१८** | **८९,५००** | **१,२००** | **११२,४१८/-** |

## १८. बेरुजु विवरण (आ.व. ०८२/८३)

| क्र.सं. | बेरुजुको किसिम | आ.व.२०८०/८१ सम्मको बाँकी बेरुजु रु | आ.व.२०८१/०८२ को मात्र जम्मा बेरुजु रु | हालसम्मको जम्मा बेरुजु | आ.व. २०८२/८३ को चैत मसान्तसम्म फछ्यौट भएको | चालु आ.व.२०८२/८३ को चैत मसान्त सम्म फछ्यौट गर्न बाँकी | चालु आ.व.२०८२/८३ को चैत मसान्त सम्म सम्परीक्षण गर्न बाँकी | जम्मा | संपरिक्षण प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नियमित गर्नु पर्ने | ८७०५४ | ० | ८७०५४ | ८७०५४ | ० | ८७०५४ | ८७०५४ | | |
| २ | असुली गर्नु पर्ने | ० | ० | ० | ० | ० | ० | ० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्रमाण पेश गर्ने | ६३१५४४ | ० | ६३१५४४ | ० | ६३१५४४ | ० | ६३१५४४ | | |
| **जम्मा** | | ७१८५९८ | | ७१८५९८ | ८७०५४ | ६३१५४४ | ८७०५४ | ७१८५९८ | | |

## १९. जिल्लामा आपुर्ति भएको रासायनिक मलको विवरण (आ.व. ०८२/८३)

| क्र.सं. | रसायनिक मलको नाम | कृषि सामाग्री कम्पनी (मे. टन) | साल्ट ट्रेडिङ्ग (मे. टन) | जम्मा |
|---|---|---|---|---|
| १ | यूरिया | १०८७.२५ | ४१०.४ | |
| २ | डि.ए.पि. | ६७३.३ | ५४०.८ | |
| ३ | पोटास | ८०.६ | २१.६५ | |
| ४ | कृषि चुन | १२.२७५ | - | |
| **जम्मा** | | **१८५३.४२** | **९७२.८५** | |

## २१. मूख्य बालीहरुको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व (आ.व. ०८२/८३)

| Category | Commodity | Area (ha) | Production (mt) | Yield (mt/ha) |
|---|---|---|---|---|
| Paddy | Spring Season Paddy (2080-81) | 340.0 | 1632.0 | 4.8 |
| Paddy | Main Season Paddy (2081-82) | 16210.0 | 61164.0 | 3.8 |
| Paddy | Total Paddy | 16550.0 | 62796.0 | 3.8 |
| Millet-Buckwheat-Barley | Millet | 9897.0 | 14845.5 | 1.5 |
| Millet-Buckwheat-Barley | Buckwheat | 5.9 | 6.7 | 1.1 |
